# पचरौता नगरपालिकाको आ.ब.२०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम

**श्रीमान सभाअध्यक्ष महोदय,**
**सदस्य सचिव एवम सम्पूर्ण नगरसभा सदस्यज्यूहरु,**
**सञ्चारकर्मी मित्रहरु,**
**सुरक्षाकर्मीहरु,**
**पत्रकारज्यूहरु ,**
**उपस्थित सबै प्र.अ.कर्मचारी,शिक्षक तथा सम्पूर्ण अतिथिगणज्यूहरु**

तथा हाम्रो निमन्त्रणालाइ स्वीकार गरी बार्षिक नगर विकास योजनामा महत्वपुर्ण राय सुझाव दिन उपस्थित हुनुभएका नगर प्रेमी सम्पूर्ण नगरबासीहरु प्रति हार्दिक कृतज्ञता तथा अभार व्यक्त गर्दछु ।

नेपालको संविधान,२०७२ ले बहुजातिय,बहुभाषिक,बहुधार्मिक,बहुसांस्कृति तथा भौगोलिक विविधतायुक्त विशेषतालाइ आत्मसात गरि विविधता विचको एकता र सदभावलाइ संरक्षण एंवम प्रवर्धन गर्दै जातिय,क्षेत्रिय भाषिक,धार्मिक,लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्तय गरी आर्थिक समानता,समृद्धि र समाजिक न्याय सुनुश्चित गर्न समानुपातिक समाबेशी र सहभागिता मूलक सिद्धान्तका अधारमा समतामुलक समाजको निर्माण गर्ने संकल्प भएकोमा संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात यस नगरपालिकाको १६ औं नगर सभामा आर्थिक बर्ष २०८३/०८४ को निती,कार्यक्रम तथा बजेट प्रस्तुतीको लागि यहाँहरु समक्ष उपस्थित भएको छु ।

यस घडीमा विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात,अज्ञात वीर शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।नेपालको एकिकरण देखि नै नेपाललाइ एक अटल एवंम स्वाधीन राष्ट्रको रुपमा राख्ने हाम्रा वीर पुर्खाहरु र राष्ट्रियता,लोकतन्त्र र जनजीविकाको लागि कठोर संघर्ष गर्ने हाम्रा अग्रजहरुलाइ उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

पचरौता नगरपालिका लोकतन्त्रका न्युनतम अधारभुत मुल्य मान्यता,मानव अधिकार,लोकतन्त्र,सामाजिक न्याय,सहकारिता,सहअस्तित्व र समन्वयको सिद्धान्तलाइ आत्मसात गर्दै विधिको शासनप्रति पुर्ण प्रतिबद्ध छ ।लोकतन्त्रलाइ सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा नगरपालिका हरपल प्रयत्नशिल छ ।शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरबासीले गर्न सकून भन्नेमा हामीहरु अत्यन्त सचेत छौं ।

पचरौता  नगरपालिकाको भाग्य र भविष्यको फैसला गर्ने चरणका साक्षी हामी जनप्रतिनिधि सामु थुप्रै अवसरका साथै चुनौतिहरु रहेता पनि ति सबै चुनौतिहरुलाइ पार गर्दै पचरौता नगरपालिकाको समग्र विकास निर्माणको लागि मन,बचन र कर्मले लागि पर्ने व्यहोरा सम्पूर्ण नगरबासीलाइ विश्वास दिलाउन चाहन्छु ।साथै विकास निर्माण तथा जनतासंग सरोकारका हरेक क्षेत्रमा जनप्रतिनिधि,राजनीतिक दलहरु तथा आम जनताबाट हुने सहयोगको अपेक्षा गर्दै यस पचरौता नगरपालिकाको आफ्नो साधन स्रोत,आन्तरिक स्रोत,मधेश प्रदेशबाट प्राप्त अनुदान र संघीय

सरकारबाट प्राप्त अनुदानबाट आर्थिक बर्ष २०८३/०८४ को बजेट,नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न गइरहेको छु ।

**आदरणीय नगर सभा सदस्यज्यूहरु,**

अब म आर्थिक बर्ष २०८२/०८३ मा यस नगरपालिकाको बार्षिक कार्यक्रमहरु कार्यान्वयनका क्रममा प्राप्त उल्लेखनिय उपलब्धिहरुको विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**आर्थिक बर्ष २०८२/०८३ को बार्षिक कार्यक्रमको उल्लेखनिय उपलब्धीहरु:**

**पूर्वाधार निर्माण तर्फः**

- पचरौता नगरपालिका वडा नं.१ पिपरपातीमा नाला निर्माणको कार्य अन्तिम चरणमा रहेको ।
- पचरौता नगरपालिका वडा नं.१ पिपरपातीमा सडक ढलानको कार्य प्रगतिमा रहेको ।
- पचरौता नगरपालिका वडा नं.१ पिपरपातीको बनकट सरेहमा माटोपुरी ग्रेभलको कार्य अन्तिम चरणमा रहेको ।
- पचरौता नगरपालिका वडा नं.१ श्री ने.रा.मा.वि.पिपरपातीमा ८ कोठे भवन निर्माणको कार्य प्रगतिमा रहेको ।
- पचरौता नगरपालिका वडा नं.१ श्री ने.रा.मा.वि.पिपरपातीमा पर्खाल निर्माण ।
- पचरौता नगरपालिका वडा नं.१ श्री ने.रा.मा.वि.पिपरपातीमा गेट निर्माणको कार्य प्रगतिमा रहेको
- पचरौता नगरपालिका वडा नं.१ मा खानेपानीको लागि समरसेवल जडान गरी संचालनमा ल्याइएको।
- पचरौता नगरपालिका वडा नं.२ विशुनपुरमा सडक तथा नाला निर्माण कार्य अन्तिम चरणमा रहेको ।
- पचरौता नगरपालिका वडा नं.२ मा खानेपानीको लागि समरसेवल जडान गरी संचालनमा ल्याइएको।
- पचरौता नगरपालिका वडा नं.श्रीनगर बैरियाको मस्जिदमा तल्ला थपको कार्य प्रगतिमा रहेको ।
- पचरौता नगरपालिका वडा नं.३ मा सडक ढलान तथा निर्माणको कार्य अन्तिम चरणमा रहेको ।
- पचरौता नगरपालिका वडा नं.३ श्री ने.रा.नि.मा.वि.भट्टिटोलमा ६ कोठे भवन निर्माणको कार्य प्रगतिमा रहेको ।
- पचरौता नगरपालिका वडा नं.४ मा सडक ढलान तथा नाला निर्माणको कार्य अन्तिम चरणमा रहेको ।
- पचरौता नगरपालिका वडा नं.५ मा सडक ढलान तथा नाला निर्माणको कार्य प्रगतिमा रहेको ।
- वडा नं.६ पकडियामा सडक ढलान तथा नाला निर्माण कार्य समपन्न भएको ।
- वडा नं.६ श्री ने.रा.नि.मा.वि.पकडियामा ४ कोठे भवन निर्माण अन्तिम चरणमा रहेको ।
- वडा नं.६ श्री ने.रा.नि.मा.वि.पकडियाको विधालय प्रांगणमा माटो पुर्ने कार्य सम्पन्न भएको ।
- वडा नं.७ बेनौलीमा ब्रहम बाबाको मन्दिर निर्माण अन्तिम चरणमा रहेको ।
- वडा नं.७ बेनौलीमा दुर्गामाइको मन्दिर निर्माण कार्य प्रगतिमा रहेको ।
- वडा नं.७ बेनौलीमा समरसेवल जडान गरि संचालनमा ल्याइएको ।
- वडा नं.८ मा सडक ढलान तथा नाला निर्माण कार्य अन्तिम चरणमा रहेको ।
- वडा नं.८ बाजोपटीमा माइको मन्दिर निर्माण कार्य सम्पन्न भएको ।
- वडा नं.९ मा सडक ढलान तथा नाला निर्माण कार्य प्रगतिमा रहेको ।
- वडा नं.९ बलधुस्वामा खानेपानीको लागि समरसेवल जडान भएको ।
- वडा नं.९ कलबंजरमा विधालय भवन निर्माण कार्य प्रगतिमा रहेको ।

**कृषि तर्फः**

- किसानहरुको कृषि मिटरको महसुल भुक्तानी ।
- ५० % अनुदानमा गहुको विउ वितरण गरिएको ।

- तार,पोल,ट्रान्सफर्मर जडान ।
- तरकारी खेति गर्ने किसानहरुलाइ तरकारीको विउ,मल तथा निःशुल्क विषादी वितरण गरिएको ।

<u>शिक्षा यूवा तथा खेलकुद विकास तर्फः</u>

- कक्षा ११ र कक्षा १२ को छात्रबृति रकम वितरण कार्य अन्तिम चरणमा रहेको ।
- MBBS छात्रबृति वितरण कार्य अन्तिम चरणमा रहेको ।
- प्राविधिक शिक्षा छात्रबृति वितरण कार्य अन्तिम चरणमा रहेको ।
- पालिका उत्कृष्ट एस.इ.इ.विधार्थीलाइ सम्मान ।
- विधार्थी अनुपातमा नगर शिक्षक तथा नगर बालविकास सहजकर्ता भर्ना गरी विधार्थी शिक्षक अनुपातलाइ सन्तुलित गरिएको ।
- संघीय शिक्षण सहयोग अनुदान अधारभुत तहमा २ जना र माध्यमिक तहमा ६ जना नियुक्त भइ कार्यरत रहेको ।
- बालविकास सहजकर्ता,विधालय कर्मचारी र विधालय सहयोगीको थप अनुदान निरन्तरता भएको ।
- निशुल्क छात्रबृति,पाठ्यपुस्तक,दिवा खाजा लागयतका अन्य अनुदानको निकाशा भएको ।
- मेयर कप क्रिकेट टुर्नामेन्ट संचालन भएको ।
- कक्षा १-९ सम्मको परीक्षाको पश्नपत्र र उतरपुस्तिका छपाइ र वितरण तथा परीक्षा संचालन भएको ।
- एस.इ.इ.को तैयारी कक्षा संचालन भएको ।

<u>स्वास्थय तर्फः</u>

- पचरौता नगरपालिकाको नगर अस्पतालमा एम.बि.बि.एस.डाक्टर मार्फत २४ औ घण्टा गुणस्तर सेवा संचालनमा आएको ।
- पचरौता नगरपालिकामा नगर अस्पताल,पिपरपाती हेल्थ पोस्ट र बेनौली हेल्थ पोस्टमा सुलभ दरमा ल्याब संचालनमा आएको ।
- विपन्न नागरिक तथा दिर्घ रोगीहरुलाइ औषधी उपचार वापत आर्थिक सहयोग ।
- बेनौलीमा फिजियोथेरापी तथा दन्त अस्पतालको सेवालाइ थप व्यवस्थित गरिएको ।
- सुरक्षित सुत्केरी सेवालाइ थप व्यवस्थित गरिएको ।
- नियमित तथ्यांङकको गुणस्तर बृद्धिका लागि स्वास्थ्य संस्थाहरुको मासिक बैठक,डाटा भेरिफिकेषण तथा भ्यालिडेसन एवंम अर्धबार्षिक र वार्षिक समिक्षा गरिएको ।
- मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गराइ रहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाइ औषधी उपचार खर्च वापत मासिक रकम रु.५ हजार उपलव्ध गराइ रहेको ।

<u>पशु विकास तर्फः</u>

- पशुपालन किसानहरुलाइ निःशुल्क औषधी वितरण तथा निःशुल्क उपचराको व्यवस्था भएको ।
- रु.१००/मा पशुपालक किसानहरुको गोठमा गइ गाइ/भैसी तथा बाखामा कृत्रिम गर्भधान गराइएको ।
- पशुपालक किसानहरुलाइ निःशुल्क घाँसको बिउ वितरण ।
- माहामारी रोग लाग्न नदिन गाइ/भैसी तथा बाखाहरुमा निःशुल्क भ्यकसिन लगाइएको ।

**नगरसभा सदस्यज्यूहरु ,**

अब म अगामी वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

सामाजिक विकास

सबैको लागि " **गुणस्तरिय शिक्षा,हाम्रो प्रतिवद्धता** " भन्ने आदर्श वाक्यका साथ पचरौता नगरपालिकाले शिक्षा युवा तथा खेलकुद क्षेत्रमा निम्न बमोजिमको नीति अवलम्बन गर्नेछ ।

- "शिक्षाको विकास नगरको भविष्य निर्माण "नारालाइ आत्मसात गरी शैक्षिक अभियानको रुपमा संचालन गरिनेछ ।
- सबै विधालयहरुलाइ डिजिटल तथा सूचना प्रविधी मैत्री नीति अवलम्बन गरिनेछ ।
- विधालयमा विधार्थीहरुलाइ स्वच्छ र सफा खानेपानीको व्यवस्था मिलाउन विधालय खानेपानी कार्यक्रमहरु विभिन्न संघ संस्था/सरोकारवालाहरुसंगको समन्वय तथा सहकार्यमा संचालन गरिनेछ ।
- कक्षा १० मा अध्ययनरत विधार्थीहरुको लागि अंग्रेजी,गणित र विज्ञान विषयमा थप कक्षा संचालन गर्न सामुदायिक विधालयलाइ थप अनुदानको व्यवस्था गरिनेछ ।
- मदर्शा शिक्षालाइ विशेष व्यवस्थापन गरिनेछ ।
- श्री ने.रा.मा.वि.पिपरपातीको कक्षा ११ र १२ मा पढने पचरौताका सम्पूर्ण विधार्थीहरुको फि नगरपालिकाले तिर्ने निति लिइनेछ ।
- विद्यालयमा नियमित शैक्षिक सुपरिवेक्षण तथा अनुगमन प्रणाली विकास गर्ने।
- विषयगत शिक्षक अभाव भएका विद्यालयमा शिक्षक व्यवस्थापन कार्यलाइ निरन्तरता दिइनेछ ।
- आधारभुत विधालयमा समेत स्मार्ट बोर्डको व्यवस्था गरि शिक्षण सिकाइ कार्यलाइ थप गुणस्तरिय बनाइनेछ ।
- सामुदायिक विद्यालयलाई निजी विद्यालयसरह प्रतिस्पर्धी बनाइनेछ।
- पालिकाभित्र कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित हुन दिइने छैन।
- शिक्षालाई रोजगारी, सीप र उद्यमसँग जोडिनेछ।
- "शून्य ड्रपआउट पालिका अभियान" अन्तर्गत कुनै पनि विद्यार्थी आर्थिक,सामाजिक वा अन्य कारणले विद्यालय छोड्न नपरोस् भन्ने सुनिश्चितता गरिनेछ ।
- "शून्य कपी–शून्य रटान अभियान" अन्तर्गत परियोजना आधारित (project-based) सिकाइलाई प्राथमिकता दिइनेछ।
- "प्र.अ.तथा शिक्षक कार्यसम्पादन सम्झौता प्रणाली"अन्तर्गत प्र.अ.को पालिका बिच र शिक्षकको प्र.अ.बिच नतिजा–आधारित सम्झौता (performance agreement) लागू गरिनेछ ।
- सिकाइ घाटा (Learning Gap) न्यूनिकरण कार्यक्रम अन्तर्गत कमजोर विद्यार्थीका लागि व्यक्तिगत सुधार योजना (individual learning plan) तैयार गरिनेछ ।
- विना अनुमति प्राप्त संचालनमा रहेका संस्थागत विधालयहरु नियमबन गरिनेछ ।
- कक्षा पल्स टु/ एम.बि.बि.एस./ प्राविधिक शिक्षा अध्ययन छात्रबृतिलाइ निरन्तरता दिइनेछ ।
- शिक्षक/कर्मचारीहरुको मासिक तलब भत्तालाई निरन्तरता दिइनेछ|
- नगरपालिका भित्रका खेलाडिहरुलाइ प्रशिक्षण गर्नका लागि विशेष व्यवस्था गरी आवश्यकता अनुसारको खेल सामग्री समेत उपलव्ध गराइने कार्यलाइ निरन्तरता दिइनेछ ।
- नगरपालिका भित्र जिल्ला स्तरको खेलमैदानको व्यवस्थापन गरिनेछ ।
- पचरौता मेयर कप क्रिकेट प्रतियोगिता संचालनलाइ निरन्तरता दिइनेछ ।
- श्री ने.रा.मा.वि.बेल्दारीमा पर्खाल तथा गेट निर्माण लगायत अन्य व्यवस्थापन गरिनेछ ।
- श्री ने.रा.मा.वि.पिपरपातीलाइ रंगरोदन गरी हरित विधालय बनाइनेछ ।

- ❖ सामुदायिक विधालयमा कार्यरत बालविकास सहजकर्ता र विधालय सहयोगीको संघिय सरकारबाट प्राप्त अनुदानमा पालिकाबाट थप गरी न्युनतम पारिश्रमिकको सुनिश्चिता गरिनेछ साथै तथा लेखापालहरुलाइ गत आर्थिक बर्ष देखि दिँदै आइरहेको तलब भत्तालाइ निरन्तरता दिइनेछ ।

<u>स्वास्थ्यः</u>

- ❖ यसै आ.ब.भित्रमा पचरौता नगरपालिका वडा नं.४ बेल्दारीमा निर्माणाधिन रहेको नगर अस्पताल वडा नं.७ बेनौलीमा निर्माणाधिन रहेको सुविधा सम्पन्न बर्थिङ्ग सेन्टर संचालनमा ल्याइनेछ ।
- ❖ अधारभुत स्वास्थ्य संस्थाको भवन निर्माण कार्यलाइ निरन्तरता दिइनेछ ।
- ❖ संचालनमा रहेको फिजियोथेरापी सेवा र डेन्टल सेवालाइ थप स्तरउन्नति गरीनेछ ।
- ❖ पचरौता नगरपालिका भित्रका बिरामीहरुको लागि एमबुलेनस सेवा निःशुल्क उपलव्ध गराउदै आइरहेकोमा उक्त सेवालाइ निरन्तरता दिइनेछ ।
- ❖ पोषण मैत्री नगर पालिका बनाउन विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- ❖ नगरपालिका भित्र घुम्ति एकिकृत विशेषज्ञ स्वास्थ्य सेवा शिविरको व्यवस्थापन गरिनेछ ।
- ❖ नगर प्रमुख बृद्ध बृद्धा बचाउ अभियान अन्तर्गत आँखा नदेखिने बृद्ध बृद्धाहरुलाइ निशुल्क मोतियाबिन्दको शल्यक्रिया कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- ❖ पचरौता नगर बासीहरुलाइ दिँदै आइरहेको रगत फ्रि कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- ❖ महिला स्वास्थ्य स्वयंम सेविकाहरुलाइ हाल संघ सरकारबाट दिँदै आएको रु.१०००/ र हाल नगरपालिकाबाट प्रतिमहिना रु.१०००/ मिलाएर रु.२०००/ प्रोत्साहन भत्ता दिँदै आइरहेकोमा आ.ब.२०८३/०८४ देखि प्रोत्साहन भत्ता मासिक ४०००/ पुर्याइनेछ र अगामी ३ बर्ष भित्रमा न्युनतम पारिश्रमिकको सुनिश्चिता गरिनेछ साथै व्याग,टर्च लाइट र रैनकोटको समेत व्यवस्थापन गरिनेछ ।
- ❖ अपाङ्ग व्यक्तिहरुलाइ इलेक्ट्रोनिक रिक्सा उपलव्ध गराइनेछ ।
- ❖ पचरौता नगरपालिका अन्तर्गतका महिलाहरुको पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सर स्क्रिनिङ गरि निशुल्क उपचराको व्यवस्थापन गरिनेछ ।
- ❖ पचरौता नगरपालिका सामुदायिक विधालयमा अध्ययनरत विधार्थीहरुको आखाँको जाँच गरी औषधी तथा चश्माको निशुल्क व्यवस्थापन गरिने निति लिइनेछ ।

<u>खानेपानी तथा सरसफाइः</u>

- ❖ नगर भित्र बासोबास गर्ने सम्पूर्ण नागरिकहरुको लागि स्वच्छ खानेपानीको व्यवस्थापनका लागि समरसेवल सहितको डिप बोरिङ्ग जडान तथा पाइप व्यवस्थापन कार्यलाइ निरन्तरता दिइ एक घर एक धारा अभियानलाइ निरन्तरता दिइनेछ ।
- ❖ पचरौता वासीको विवाह लगायत अन्य विभिन्न कार्यको लागि टयांकर द्वारा निशुल्क रुपमा पानि पुर्याउने कार्यलाइ निरन्तरता दिइनेछ ।
- ❖ समरसेवल जडान भएको ठाउँमा पानी टयांकी राखि २४ औ घण्टा खानेपानी उपलव्धताको लागि आवश्यक निति लिइनेछ ।

<u>कृषि विकासः</u>

- ❖ कृषि लागत न्युनिकरण तथा भरपर्दो कृषि कार्यका लागि कृषि यान्त्रिकरणमा जोड दिइनेछ ।
- ❖ कृषि उत्पादकत्व वृद्धि गरी नगरलाइ आत्मनिर्भर बनाउनको लागि उन्नत जातको खाधान्न,दलहन,तेलहन जस्ता अन्य बालीहरुमा पनि अनुदान उपलव्ध गराउने निति लिइनेछ ।

- ❖ नगरको वडा नं.१ देखि ९ सम्म कृषि विधुतिकरण पोल,तार,ट्रान्सफर्मर खरिद तथा जडान कार्यलाइ निरन्तरता दिइनेछ ।
- ❖ कृषि उपजको सहज चौतर्फी पहुचका लागि कृषि सडक विस्तरा तथा स्तरोन्नतिमा जोड दिइनेछ ।
- ❖ किसानहरुको कृषि मिटरको महसुल शत प्रतिशत नगरपालिकाले तिर्ने नितिलाइ निरन्तरता दिइनेछ ।
- ❖ उत्पादन वृद्धि गर्नका निम्ति नगरभरी ५० प्रतिशत अनुदानमा सिचाइ मोटर वितरण गरिनेछ ।
- ❖ एक किसान एक चार्जर स्प्रे टंकी कार्यक्रम अन्तर्गत ८५ प्रतिशत अनुदानमा चार्जर स्प्रे टंकी वितरण गरिनेछ ।

<u>पशु तथा मत्स्य विकासः</u>

- ❖ पशुपन्छीको नश्ल सुधार गरी पशु जन्यउत्पादन वृद्धि गरिनेछ ।
- ❖ मत्स्य पालन व्यवसायीलाइ प्रोत्साहन गरिनेछ ।
- ❖ गाइ भैंसीमा कृत्रिम गर्भाधान कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- ❖ पशु विमा कार्यक्रमलाइ सघन रुपमा विस्तार गरिने निति लिइनेछ ।
- ❖ नगर भित्र उपचार सेवा नपुगेका ठाउँहरुमा पशु स्वस्थ शिविरहरु संचालन गरिनेछ ।
- ❖ विभिन्न जातका पशुपन्छी पालनका लागि व्यवसायिक पालन बारे सीप विकास तालिम कार्यक्रम संचालन गरिनेछ ।

<u>भौतिक पूर्वाधार विकास निर्माण क्षेत्रः</u>

- ❖ नगर भरी सडक ढलान तथा नाला निर्माण कार्यालाइ निरन्तरता दिइनेछ ।
- ❖ कृषि सडकको विस्तार गर्दै कृषि सडकमा हिलो र पानी जम्न नदिन आवश्यकता अनुसार सडक ग्रेबल गरिने नितीलाइ निरन्तरता दिइनेछ ।
- ❖ नगर भरीका सबै वडाका बजार क्षेत्रमा स्ट्रीट लाइट/सोलार लाइट तथा सिसि टिभि जडान गरिने कार्यलाइ निरन्तरता दिइनेछ ।
- ❖ नगर भरीका विभिन्न वडाहरुमा रहेका मठ,मन्दिर,मस्जिद,कब्रगाह,ब्रहमबाबा,धर्मशाला आदी जस्ता सार्वजनिक सम्पदाको निर्माण तथा मर्मत सम्भार गरी अद्यावधिक अवस्थामा राखिनेछ ।
- ❖ अगामी ३ बर्ष भित्रमा यस नगपालिका भित्रका सम्पूर्ण विधालयलाइ सेड लेस (करकट नभएको) बनाइ पक्कि भवन निर्माण गरिनेछ ।
- ❖ नगरपालिका केन्द्रबाट सबै वडा कार्यालयसम्म जोडने मुख्य सडकलाइ पक्की गर्ने नीति लिइनेछ ।
- ❖ अपराधको दर घटाउन नगर भित्रका आवश्यक क्षेत्रहरुमा CCTV क्यामेरा जडानको कार्यलाइ निरन्तरता दिइनेछ ।
- ❖ अन्तर पालिका जोडने सकडहरुलाइ संघीय सरकार र प्रादेशिक सरकारसंग समन्वय गरी अगाडि बढाइनेछ ।
- ❖ नयाँ सडक निर्माणको कार्यालाइ निरन्तरता दिइनेछ ।
- ❖ अधुरा सडक/नाला निर्माण कार्यलाइ यसै आ.ब.मा सम्पन्न गरिनेछ ।
- ❖ बेल्दारी,पिपरपाती र कुडवा गाउँलाइ शहरीकरण तर्फ उन्मुख हुने विशेष प्याकेज ल्याइनेछ ।

<u>भवन तथा सहरी विकासः</u>

- ❖ सार्वजनिक तथा नीजि घर निर्माण गर्दा राष्ट्रिय भवन संहिता र मापदण्डलाइ अनिवार्य रुपमा लागुगरिनेछ ।
- ❖ घरको नक्सा पास तथा अभिलेखीकरण कार्यलाइ निरन्तरता दिदै नक्सा पासको काम अनलाइन विधिबाट संचालन गर्नका लागि निति ल्याइनेछ ।

**सूचना तथा संचारः**

- नगरपालिका तथा वडा कार्यालयबाट कम्प्युटर प्रणालीद्वारा राजश्व संकलन गर्दै आएको कार्यलाय निरन्तरता दिदै e payment सिस्टमलाइ राजश्व संकलन प्रणालीमा आवद्ध गरी नागरिकलाइ छिटो,छरितो र सुविधा युक्त तरिकाले राजश्व भुक्तानी गर्न सकिने व्यवस्था गरिनेछ ।
- डिजिटल पालिका/स्मार्ट पालिकाको अवधारणा तथा खाका तयार गरी स्थानिय सरकारी सेवालाइ नागरिकको पहुच योग्य बनाइनेछ ।
- विधालय तथा स्वास्थ्य केन्द्रहरुमा कार्यरत जनशक्तिलाइ आवश्यकता अनुसार सूचना प्रविधि तालिमको आयोजना गरिनेछ ।
- नगरपालिकाको मुख्य स्थानमा यसै आ.ब.देखि फ्रि वाइफाइ संचालन गरिनेछ ।र अगामी ३ बर्ष भित्रमा पालिकाको सबै वडामा फ्रि वाइफाइ विस्तार गरिने निति लिइनेछ ।

**उर्जा तथा बैकल्पिक उर्जा विकास कार्यक्रमः**

- एक घर,एक विधुतिय चुल्हो अभियानलाइ आत्मसात गर्दै स्वच्छ तथा नवीकरणीय उर्जाको प्रयोग गर्न विधुतिय चुल्हो वितरण गरिनेछ ।
- सौर्य उर्जा प्रवर्द्धन तथा उर्जामा आत्मनिर्भर बन्न यस पचरौता नगरपालिका क्षेत्र भित्र नदीका बगरहरुलाइ सदुपयोग गरी उन्पादित सौर्य उर्जालाइ पालिका बासिहरुलाइ निःशुल्क विधुत उपलव्ध गर्नको निमित्त गुरुयोजना तयार गरिनेछ ।
- पालिका भित्र न्युनतम ० देखि ५० युनिट सम्म मात्र प्रयोग गर्ने ब्यक्तिको घरायसी मिटरको महसुल नगरपालिकाबाटै तिर्ने निति लिइनेछ ।

**वन,वातारण तथा विपद् व्यवस्थापनः**

- सार्वजनिक खालि जग्गा,नदी उकास क्षेत्रको पहिचान र संरक्षण गरी उक्त क्षेत्रको समुचित उपयोगबाट आय आर्जन गर्नुका साथै खोला बगर क्षेत्रलाइ स्वच्छ सुन्दर बनाउन फलफुल तथा बोटबिरुवाहरु रोपी संरक्षणको व्यवस्था मिलाइनेछ ।
- पचरौता वासीलाइ निशुल्क रुपमा आँप,लिचि,फुल तथा अन्य विरुवाहरु पालिका कै नर्सरीमा उत्पाद गरि नगरबासीलाइ निशुल्क रुपमा उपलव्ध गराइनेछ ।

**जल उत्पन्न प्रकोप नियन्त्रणः**

- पचरौता नगरपालिका भित्रका नदिनालाहरुलाइ तटबन्ध गर्न राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमसंग साझेदारी गर्दै कार्यक्रम गरिनेछ ।
- नगरपालिकामा बढी जोखिम तथा धनजनको क्षति हुनसक्ने संभाव्यताको अध्ययनगरी मानव बस्ती संरक्षणका लागि नदि नियन्त्रण तटबन्ध मार्फत जल उत्पन्न प्रकोप व्यवस्थापन नितीलाइ निरन्तरता दिइनेछ ।

**विपद् व्यवस्थापनः**

- सम्भावति प्राकृतिक जोखिम व्यवस्थापन पूर्व तयारीका लागि आवश्यक सामग्री तथा राहत वितरणका लागि विपद व्यवस्थापन कोषको स्थापन गरि राहत वितरण कार्यालाइ निरन्तरता दिइनेछ ।

**सुशासन तथा संस्थागत विकासः**

- जनप्रतिनिधि,कर्मचारी तथा शिक्षकहरुको क्षमता विकासका लागि विभिन्न तालिम तथा अध्ययन अवलोकन भ्रमणहरुको आयोजना गरिनेछ ।
- कर्मचारी प्रशासनलाइ क्षमता विकास तालिम तथा नवीनतम प्रविधिको ज्ञान मार्फत प्रतिष्पर्धी र प्रभावकारी बनाइनेछ ।
- कार्यालयको कार्यबोझलाइ घटाउन तथा सेवा प्रवाहलाइ छिटोछरितो र पारदर्शी बनाउन सूचना प्रविधिको प्रभावकारी प्रयोगलाइ बढाउदै लैजाने निति लिइनेछ ।

- ❖ यस पचरौता नगरपालिका भित्रका सुकुम्बासीहरुको उचित व्यवस्थापन गरिनेछ ।
- ❖ अगामि २ बर्ष भित्रमा नगरपालिकामा कार्यरत करार कर्मचारी,स्वास्थयका करार कर्मचारी,शिक्षा तर्फका करारमा कार्यरत शिक्षक,राहत शिक्षक,लेखापाल,विधालय सहयोगी,बाल विकास सहजकर्ता,शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षक,नगर शिक्षकहरुलाइ सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ ।
- ❖ अवकासित सबै प्रकारका कर्मचारी,शिक्षक तथा अन्यलाइ सम्मानजनक विदाइको निति ल्याइनेछ ।
- ❖ पचरौता नगरपालिकाका महिलाहरुको लागि रोजगारी सृजनाका लागि आवश्यक कार्यक्रम संचालनमा ल्याइनेछ ।

**<u>नगरसभा सदस्यज्यूहरु ,</u>**

प्रस्तावित नीति,कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक क्षमता विकास,संस्थागत,नीतिगत,कार्यविधिगत सुधारका कार्यहरु गर्न सकिएमा कार्यक्रम कार्यान्वयनको सुनिश्चतता,पारदर्शिता र उत्तरदायित्वको थप प्रवर्द्धन हुने विश्वास लिएको छु ।प्रस्तुत नीति,कार्यक्रम तथा बजेटबाट नगरबासीका आधारभुत आवश्यकताहरु परिपुर्ति गरी जीवनस्तरमा गुणात्मक सुधार हुदै जाने, नगरमा उपलव्ध स्रोत साधनको उच्चतम उपयोगबाट नगरबासीको आर्थिक उन्नतिमा टेवा पुग्ने र वंचितमा परेका वर्ग क्षेत्र तथा समुहको विकासमा मूलप्रवाहीकरण भइ समाबेशिताको प्रवर्द्धन मार्फत स्थानिय लोकतन्त्र सबलीकरण हुने विश्वास लिएको छु ।

अगामि आर्थिक वर्षको प्रस्तुत नीति,कार्यक्रम तथा बजेट तर्जुमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीज्यूहरु ,राष्ट्रसेवक कर्मचारी,बुद्धिजिवी एवंम संचारकर्मी,नगरको समग्र विकासमा सहयोग पुर्याउनु हुने नगरबासीहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्तयमा,नगरको विकास र समृद्धिमा निरन्तर सद्भभाव र सहयोग पुर्याउने आम नगरिका,करदाता,नगरको हित र समुन्नतिमा सक्रिय रहनुहुने सबैबाट यस नीति कार्यक्रम तथा बजेटको सफल एवम प्रभावकारी कार्यान्यवनका लागि निरन्तर सहयोगको अपेक्षा गर्दै सम्बद्ध सबै पक्षप्रति हार्दिक आभार प्रकट गर्दछु ।वर्तमान वस्तुगत यथार्थ र धरातलमा उभिएर आफ्नो नगरपालिकाको नीति तथा कार्यक्रमलाइ आधार मानी सम्रग चुनौतीहरुको सामना गर्न कटिबद्ध,प्रतिबद्ध र एकताबद्ध हुदै पचरौता नगरबासीहरुको उज्जवल भविष्य निर्माणको लागि कामना गर्दछु ।

धन्यबाद ।।
जय पचरौता ।।